नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाई, कैलाली

धनगढी, नेपाल

पत्र संख्या: २०८१/८२

## करार सेवामा पशु सेवा प्राविधिक सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०१/०५

ने. स.: ११४५, चौलागा, ०५ शुक्रबार

लोक सेवा आयोग केन्द्रीय कार्यालय/अन्तर्गतका कार्यालय वा प्रदेश लोक सेवा आयोगहरुले आ.व. २०८०/८१ वा २०८१/८२ मा नेपाल कृषि सेवा, / रा.प.अनं. द्वितीय (प्रा.) वा सो सरहका पदमा स्थायी पदपूर्तिका लागि लिएका परीक्षाहरुबाट सिफारिस गर्ने क्रममा वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचिमा रहेका उम्मेदवारहरुले यस परियोजना कार्यान्वयन एकाइ, धनगढी, कैलालीमा तपसिल बमोजिमको पदमा काम गर्न इच्छुक भएमा यसै सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात मिति २०८२/०१/११ गते भित्र परियोजना कार्यान्वयन एकाइ, धनगढी कैलालीमा सम्पर्क राख्नुहुन जानकारी गराइन्छ ।

| क्र.स. | पद | आवश्यक संख्या |
|---|---|---|
| १ | नायव पशु सेवा प्राविधिक | १ |

१. सेवा सुविधा: तलब सुविधा नेपाल सरकारले तोके बमोजिम हुनेछ र बिदालगायत अन्य सूविधाहरु सम्झौता अनुसार हुनेछ ।

२. कार्यक्षेत्र: परियोजना कार्यान्वयन एकाइ, धनगढी, कैलालीको कार्यक्षेत्रअन्तर्गत रही कामकाज गर्नुपर्नेछ ।

३. सेवा अवधि: २०८२ साल असार मसान्तसम्म हुने/कर्मचारीको कार्यसम्पादन सन्तोषजनक भएमा आवश्यकता वमोजिम स्वीकृत बजेटको परिधिभित्र रही करार अवधि थप गर्न सकिनेछ ।

४. प्राप्त आवेदनहरुमध्ये उम्मेदवारहरुको छनौट गर्दा प्राथमिकता क्रम लोकसेवा आयोग अन्तर्गतका विभिन्न कार्यालयहरुको वैकल्पिक वा अस्थायी योग्यताक्रम र प्रदेश लोकसेवा आयोगहरुको वैकल्पिक वा अस्थायी योग्यताक्रमका आधारमा क्रमैसँग हुनेछ । लोक सेवा आयोग अन्तर्गतका कार्यालयहरु र विभिन्न प्रदेश लोक सेवा आयोगका कार्यालयहरुको वैकल्पिक वा अस्थायी योग्यताक्रम समान भएमा उक्त पदका लागि निर्धारित न्यूनतम योग्यताको प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट गरिनेछ ।

५. सम्बन्धित पदको उम्मेदवारबाट निवेदन प्राप्त नभएमा उक्त पदभन्दा माथिल्ला पदमा वैकल्पिक तथा अस्थायी योग्यताक्रम सूचिमा रहेका उम्मेदवार समेत छनौट गर्न सकिनेछ ।

६. निवेदक उम्मेदवारहरुको कुनै शर्त सहितको सम्झौता स्वीकार गरिने छैन र कुनै निवेदक उम्मेदवारहरुलाई सम्झौता गर्ने/नगर्ने अधिकार वा छनौट सम्वन्धि दुविधाका विषयमा अन्तिम निर्णय गर्ने अधिकार परियोजना कार्यान्वयन एकाइ, धनगढी, कैलालीमा निहित रहने छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. करार सेवामा काम गर्न ईच्छुक भएको भन्ने व्यहोराको दस्तखत भएको निवेदन ।

२. परिक्षामा सम्मिलित भएको प्रवेश पत्रको स्वयंले प्रमाणित गरेको प्रतिलिपी ।

३. वैकल्पिक/अस्थायी योग्यताक्रममा रहेको लोकसेवा आयोगको कार्यालयबाट प्रकाशित सूचनाको प्रतिलिपी ।

४. नेपाली नागरिकताको प्रमाणपत्रको स्वयंले प्रमाणित प्रतिलिपी।

५. सेवासँग सम्बन्धित शैक्षिक योग्यताको स्वयंले प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपीहरु ।

नोट: उम्मेदवारले स्वयं कार्यालयमा उपस्थित भएर अथवा यस कार्यालयको इमेल ठेगाना pmamp.piu.kailali@gmail.com पनि आवेदन दिन सकिनेछ।

थप जानकारीको लागी: ०९१-५२२९९७ वा ९८५८४८४९०४ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।

...................

गोविन्दराज जोशी

वरिष्ठ कृषि अधिकृत



CamScanner